नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

रामशाहपथ,

काठमाडौं, नेपाल ।

मिति : २०७७/०९/२०

विषय :- प्रेस विज्ञप्ती ।

कोभिड १९ संकण पुष्टि भएका तर लक्षण वा चिन्ह नदेखिएका व्यक्तिहरुमा दश दिन पछि विना परिक्षण जनस्वास्थ्यका मापदण्ड अपनाई आफ्नो दैनिक जीवनमा फर्कन सकिने व्यवस्था रहेको छ । तर कतिपय व्यक्तिहरुले यस्तो अवस्थामा अनावश्यक रुपमा परिक्षण गर्ने गराउने गरेको विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण भएको छ । कतिपय व्यक्तिहरु संक्रमण पुष्टि भई स्वास्थ्य अवस्था बिग्रदै जादाँ समेत समयमा स्वास्थ्यकर्मीको सम्पर्कमा नआउने तथा अस्पताल नपुग्नाले उपचार आदिमा ढिला भई ठूलो जोखिम आउने अवस्था देखिएको छ । त्यस्तै कतिपय व्यक्तिहरु आईसोलेसन सेन्टरहरु तथा अस्पतालहरुमा भर्ना भएर लामो समय रहने र पटक पटक परिक्षण गरीरहने र नतिजा नेगेटिभ नआउन्जेल डिस्चार्ज समेत नहुने कार्यहरु गर्ने गराउने गर्नाले धेरै नकारात्मक असरहरु हुन जाने हुन्छ । यस किसिमले स्रोतसाधनको दूरुपयोग हुनुका साथै सम्वन्धित व्यक्तिहरुमा मानसिक तनावसमेत बढ्न जाने हुन्छ । त्यसैले सबैको कोभिड परिक्षण निर्देशिका अनुसार मात्रै गर्न गराउन र संक्रमण पुष्टि भएपछि जहाँबसे पनि स्वास्थ्यकर्मीको निगरानीमा मात्र रहन सम्वन्धित सबैमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७७/०९/२० को निर्णयानुसार अनुरोध छ ।

डा. जागेश्वर गौतम

प्रवक्ता